# विराटनगर महानगरपालिका

बैठक संख्याः ८६ | बैठक प्रारम्भः दिउसो ३:०० बजे

मितिः २०७७/११/२७ | बैठक स्थगनः साँझ ५:०० बजे

विराटनगर महानगरपालिकाका नगर प्रमुख श्री भीम पराजुलीज्यूको अध्यक्षतामा आज विराटनगर महानगरपालिका नगर कार्यपालिकाको बैठक बसी देहाय बमोजिमको उपस्थितिमा निम्नलिखित निर्णय गरियो।

| सि.नं. | पद | नाम | हस्ताक्षर |
|---|---|---|---|
| १ | प्रमुख | श्री भीम पराजुली | |
| २ | उपप्रमुख | श्री इन्दिरा कार्की | |
| ३ | सदस्य | श्री उद्धव अर्याल | |
| ४ | सदस्य | श्री कुमार पोखरेल | |
| ५ | सदस्य | श्री बिनोद कुमार बस्नेत | |
| ६ | सदस्य | श्री देबेन्द्रराज पोखरेल | |
| ७ | सदस्य | श्री मिनकुमार आचार्य | |
| ८ | सदस्य | श्री बिजय कामत | |
| ९ | सदस्य | श्री मधूबाबु तिवारी | |
| १० | सदस्य | श्री निश्चल अर्याल | |
| ११ | सदस्य | श्री विश्वनाथ भगत | |
| १२ | सदस्य | श्री माधवराज वाग्ले | |
| १३ | सदस्य | श्री तिर्थेन्द्र न्यौपाने | |
| १४ | सदस्य | श्री हिरालाल कामत | |
| १५ | सदस्य | श्री झरीलाल महतो | |
| १६ | सदस्य | श्री बलदेव यादव | |
| १७ | सदस्य | श्री असलम आलम | |
| १८ | सदस्य | श्री मनोज सुब्बा | |
| १९ | सदस्य | श्री समिम कमर | |
| २० | का.वा.सदस्य | श्री राजदेव यादव | |
| २१ | सदस्य | श्री बद्रीनारायण सरदार | |
| २२ | सदस्य | श्री चम्पा देवी खत्री | |
| २३ | सदस्य | श्री शिला श्रेष्ठ | |
| २४ | सदस्य | श्री बिना मण्डल | |
| २५ | सदस्य | श्री कमला सुब्बा | |

| | | | |
|---|---|---|---|
| २६ | सदस्य | श्री सुशीला पोखरेल (ओझा) | |
| २७ | सदस्य | श्री अरुण खेतान | |
| २८ | सदस्य | श्री गायत्री कुमारी दास | |
| २९ | सदस्य सचिव | श्री दुर्गा प्रसाद खतिवडा | |
| ३० | आमन्त्रित सहयोगी | श्री राजेन्द्र प्रधान | |
| ३१ | आमन्त्रित सहयोगी | श्री सञ्जिव कुमार भट्टराई | |
| ३२ | आमन्त्रित सहयोगी | श्री केवल पोखरेल | |
| ३३ | आमन्त्रित सहयोगी | श्री धिरज राई | |

<u>निर्णय नं. १</u>

आगामी सातौं नगरसभामा तपसिल बमोजिमका प्रस्तावहरु पारितका लागि पेश गर्ने निर्णय गरियाे ।

<u>निर्णय नं. २</u>

मिति २०७७/१०/१४, बैठक संख्या ८२ को निर्णयानुसार विराटनगर महानगरपालिका क्षेत्रभित्र रहेका टोल विकास संस्थाहरुको व्यवस्थापन र महानगरपालिकासँगको समन्वयकारी भूमिकाको लागि आवश्यक कार्यविधि बनाउन श्री तिर्थेन्द्र न्यौपानेको संयोजकत्वमा गठित समितिले २०७७ फागुन मसान्तभित्र मस्यौदा पेश गर्न समायवधि तोकिएमा उक्त समयावधि २०७७ चैत्र मसान्तसम्म थप गर्ने निर्णय गरियो ।

<u>निर्णय नं. ३</u>

यसमा मिति २०७७/०१/०३ को नगर प्रमुखस्तरीय निर्णयानुसार आ.व. २०७६/०७७ को लागि यस महानगरपालिकालाई आवश्यक पर्ने मसलन्द सामग्री खरिदको ठेक्का बन्दोबस्त भई सम्झौता भएको रकमबाट आवश्यकता अनुसार पटकपटक आवश्यक सामाग्री खरिद गर्ने क्रममा सम्झौतामा उल्लेखित परिमाणमा विभिन्न आइटमहरु थपघट हुन गई सो सम्झौतामा जम्मा रु. १९,३५,४७५।० (मू.अ.कर बाहेक) लागत बढेकोले भेरिएशन आदेशको स्वीकृतिको लागि पेश हुन आएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ को उपदफा २ को प्रावधान अनुसार भेरिएशन आदेश स्वीकृत गर्ने निर्णय गरियो ।

<u>निर्णय नं. ४</u>

नगरक्षेत्रभित्रका आधारभूत सामुदायिक विद्यालयका विद्यार्थीहरुलाई मात्र दिवा खाजा उपलब्ध गराउँदै आइरहेकोमा धार्मिक विद्यालयका विद्यार्थीहरुलाई समेत उपलब्ध गराउने निर्णय गरियो ।

<u>निर्णय नं. ५</u>

क्षेत्रीय सहरी विकास परियोजना (RUDP) को स्वीकृत Variation Order-3 को रकम तथा दररेटमा फरक नपर्नेगरी Quantity Adjustment गर्नुपर्ने मिति ५ जनवरी २०२१ मा भएको Minutes of Meeting को निर्णय बमोजिम प्राविधिक पुष्ट्याइँ सहित तयार भएको आन्तरिक Variation Order स्वीकृत गर्ने निर्णय गरियो ।

<u>निर्णय नं. ६</u>

विगतदेखि विराटनगर महानगरपालिका नगर कार्यपालिकाको कार्यालयकोसहरी विकास तथा योजना महाशाखामा ५ जना र कृषि शाखामा १ जना स्वयंसेवकको रुपमा खटिदैं आइरहेकाहरुलाई प्राविधिकतर्फ दैनिक ज्यालादारीमा कार्य गराउने निर्णय गरियो ।

**तपसिल:**

**मिति २०७७/११/२८ गते हुने विराटनगर महानगरपालिकाको सातौं नगरसभाका लागि प्रस्तावहरु:**

(१) छैठौं नगरसभाबाट पारित आ.व. २०७७/०७८ को वार्षिक नीति, कार्यक्रम तथा बजेट अन्तर्गत राजश्व बाँडफाँट स्रोततर्फ पाना नं. ६२ (सि.नं. ९२) मा उल्लेखित वडा नं. १, ४, ७, ८, ९, १४, १६, १७, १९ मा स्मशान र कब्रस्तान घाट निर्माण शिर्षकमा विनियोजित रु. ३२ लाखलाई संघीय सरकारबाट थप अनुदान माग गर्ने स्रोततर्फ स्रोतान्तर गर्ने ।

(२) राजश्व बाँडफाँट स्रोततर्फ पाना नं. ६३ (सि.नं. १०९) मा विराटनगर गेट, सभागृह र आकाशे पुल शिर्षकमा विनियोजित रु. ९ करोडमध्ये ४ करोड ५० लाखलाई संघीय सरकारबाट थप अनुदान माग गर्ने स्रोततर्फ स्रोतान्तर गर्ने ।

(३) राजश्व बाँडफाँट स्रोततर्फ पाना नं. ५९ (सि.नं. ५२) मा क्षेत्रीय सहरी विकास परियोजनाको म्याचिङ फण्ड शिर्षकमा विनियोजित रु. ६ करोडमध्ये १ करोड १० लाख संघीय सरकार अनुदान स्रोततर्फ स्रोतान्तर गर्ने ।

(४) पाना नं. ५९ (सि.नं. ५६) मा जग्गा प्राप्ति खर्च शिर्षक अन्तर्गत ल्याण्डफिल साइटका लागि जग्गा खरिद, वडा नं. १६ वडा कार्यालय, विराट राजाको दरबार, वडा नं. १९ अन्तर्राष्ट्रिय सभाहल समेतका लागि जग्गा खरिदका लागि विनियोजित रु. २७ करोड ९२ लाखमध्ये राजश्व बाँडफाँट स्रोततर्फ विनियोजित रु. १७ करोड ९२ लाखमध्येबाट रु. ५ करोड २७ लाख ६५ हजार मर्मतसम्भार कार्यक्रम शिर्षक (पाना नं. ६०, सि.नं. ७०) मा बजेट थप गरी खर्च गर्ने, र बाँकि रु. १२ करोड ६४ लाख ३५ हजारमध्ये रु. ३ करोड राजश्व बाँडफाँटतर्फ कायम राखी रु. ९ करोड ६४ लाख ३५ हजार रकमलाई संघीय सरकारबाट थप अनुदान माग गर्ने स्रोततर्फ स्रोतान्तर गर्ने । साथै सोही बजेटबाट विराटनगर विमानस्थललाई अन्तर्राष्ट्रियस्तको रुपमा स्तरोन्नति र विकासका लागि महानगरपालिकाले व्यहोर्नुपर्ने योगदान समेत व्यवस्थापन गर्ने ।

(५) पाना नं. ५९ (सि.नं. ५८) वडा नं. १ देखि १९ वटै वडाका अन्य नगरस्तरीय योजनाहरु (अनुसूची-'ख' मा संलग्न) का लागि विनियोजित रु. १९ करोडमध्ये संघीय सरकारबाट थप अनुदान माग गर्ने स्रोततर्फ विनियोजित रु. १५ करोड ५६ लाख ३५ हजार राजश्व बाँडफाँटतर्फ स्रोतान्तर गर्ने ।

(६) पाना नं. ५९ (सि.नं. ६०) मा नगरस्तरीय योजनाहरु शिर्षकमा विनियोजित रु. ६ करोड ४४ लाखमध्ये वित्तीय समानिकरणतर्फ विनियोजित रु. ५ करोड कार्यपालिका बैठकबाट आन्तरिक स्रोततर्फ स्रोतान्तर गर्ने निर्णय भएकोमा सोलाई यथावत वित्तीय समानिकरण स्रोतमा नै कायम राख्ने ।

(७) पाना नं. ६० (सि.नं. ६४) संघसंस्था पुँजीगत अनुदान (अनुसूची-'ज') अन्तर्गतका कार्यक्रमहरुका लागि विनियोजित रु. ५ करोडमध्ये वित्तीय समानिकरण स्रोततर्फ विनियोजित रु. ४ करोड ८९ लाख ३० हजार, पाना नं. ६० (सि.नं. ६२) मा विभिन्न बहुवर्षिय योजनाहरु शिर्षकमा विनियोजित रु. ९ करोडमध्ये वित्तीय समानिकरण स्रोततर्फ विनियोजित रु. ८ करोड ४६ लाख ४० हजार, पाना नं. ६२ (सि.नं. ९१) पशु वधशाला निर्माण शिर्षकमा विनियोजित रु. २ करोडमध्ये वित्तीय समानिकरण स्रोततर्फ विनियोजित रु. १ करोड र पाना नं. ७० (सि.नं. १९०) मा बाल अस्पताल स्थापना शिर्षकमा विनियोजित वित्तीय समानिकरण स्रोततर्फको १ करोड समेतलाई आन्तरिक स्रोततर्फ स्रोतान्तर गरी पाना नं. ६० (सि.नं. ६१) आ.व. २०७६/०७७ का भुक्तानी दिन बाँकि अनुसूची-'ङ' बमोजिमका योजनाहरुलाई भुक्तानी दिने ।

(८) आ.व. २०७६।०७७ को ग.२.१ चालु खर्च खाता विजोर वर्ष र ग.२.३ पुजीगत खर्च खाता विजोर वर्षका तपसिल वमोजिमका चेकहरुको भुक्तानी अवधि समाप्त भएका साथै संघिय सरकार, शशर्त, र प्रदेश सरकार शशर्त अनुदानको आ.व. २०७६।०७७ मा खर्च नभई वांकी रहेको रकम समेत मौज्दातवाट फिर्ता / खर्च गरिएकोमा अनुमोदन साथै भुक्तान गर्ने ।

तपसिल

चेकको सट्टा चेक भुक्तानी

| | |
|---|---|
| १. ज्योती मार्ग सडक नाला निर्माण उपभोक्ता समिति विराटनगर ३ | रु.५९,६९,४९६। |
| २. आई.डि.आई.प्रा.लि. | रु.५,३२,८३१। |
| ३. पान्चाली वास्ता मार्ग उपभोक्ता समिति विराटनगर ४ | रु.३,९७,९९६। |
| ४. पक्की नाला निर्माण उपभोक्ता समिति, विराटनगर ६ | रु.५८,२३४। |
| ५. थानी मार्ग रिटेनिङ्गवाल निर्माण उपभोक्ता समिति ४ | रु.९७,०२१। |
| ६. स्कूल अफ इकोनोमिक्स | रु.९८,६७३। |
| ७. रेल्वे ढाला देखि पूर्व मार्गमा माटो ग्रोभल निर्माण उ.स. १८ | रु.१,१६,४०३। |
| ८. अमाई इक्राई दलन मार्ग ग्राभेल उ.स. ४ | रु.५८,२४९। |
| ९. ह्वासट्याग फुड एण्ड वार | रु.१२,९२२। |
| १०. ओममार्ग नाला निर्माण उ.स. ४ | रु.१,५५,२३३। |
| ११. सल्हेस मन्दीर सामूदायिक भवन निर्माण उ.स. ६ | रु.२,५७,२६८। |

सशर्त तर्फको फिर्ता गर्नुपर्ने रकम

| | |
|---|---|
| १. कोष तथा लेखा नियन्त्रक कार्यालय, मोरंग | रु.७,१२,०१,१४९।६१ |
| २. प्रदेश कोष तथा लेखा नियन्त्रक कार्यालय, मोरंग | रु.२,०९,१६,७३६।७९ |
| ३. कोष तथा लेखा नियन्त्रक कार्यालय, (सा.सु.भत्ता र स्थानीय पूर्वाधार) | रु.१,७८,७८,४८५। |

(९) गौशाला विराटनगर १४ का लागि संघसंस्था पुँजीगत अनुदान तर्फ विनियोजित रु. १० लाखबाट गाईका लागि चोकर, दाना तथा भुस्सी लगायतका अन्य सामाग्री खरिदमा सहयोग गर्ने कार्यपालिकाको निर्णयलाई अनुमोदन गर्ने ।

(१०) जिल्ला प्रहरी कार्यालय मोरङका लागि संघसंस्था पुँजीगत अनुदानतर्फ विनियोजित रु. ८ लाख प्रहरीको सवारी साधन तथा कार्यालय सामग्री/उपकरण मर्मतमा सहयोग गर्ने ।

(११) वडास्तरीय योजना वडा नं १८ का लागि अति आवश्यक शिर्षकमा विनियोजित बजेटबाट क्रिकेट खेल सञ्चालनमा सहयोग गर्ने ।

(१२) विराटनगर महानगरपालिका नगर कार्यपालिकाको कार्यालयमा स्थायी रुपमा विद्युत हेल्पर (श्रेणीविहिन) पदमा कार्यरत नीलकर्ण श्रेष्ठलाई तह/श्रेणी फरक नपर्नेगरी सुपरभाइजर (श्रेणीविहिन) पदमा मिलान गर्ने ।

(१३) बजेट पुस्तिकाको पाना नं. ५९, सि.नं. ५६ मा जग्गा खरिदका लागि विनियोजन भएको शिर्षकबाट वडा नं. १७ को वडा कार्यालयसँगैको खेलमैदानको लागि अपुग जग्गा खरिदको लागि रु. ४० लाख व्यवस्थापन गर्ने र आवश्यक खरिद प्रक्रियामा जाने कार्यपालिकाको निर्णयलाई अनुमोदन गर्ने ।

(१४) देवकी मल्टीपल प्रा.लि.ले सडक निर्माण ठेक्काको सम्झौता गर्दा पर्फरमेन्स वापतको धरौटी रकम आम्दानी खातामा नगदी जम्मा गरेकोले दुई योजनाको रु.२,२०,०००।० र रु.२,१५,०००।० समेत जम्मा रु. ४,३५,०००।० (चार लाख पैंतिस हजार) फिर्ता खर्च शिर्षकबाट फिर्ता दिने । र सोको लागि बजेट पुस्तिकाको पाना नं. ६२ सि.नं. १००, काञ्जी हाउस र सामुदायिक कुकुर व्यवस्थापन शिर्षकमा विनियोजित रु.३० लाखमध्येबाट रु.४ लाख ५० हजार फिर्ता खर्च शिर्षकमा रकमान्तर गर्ने ।

(१५) वडा नं. १८, भेडियारी स्थित राधाकृष्ण मन्दिरमा पूर्वाधार निर्माणको लागि गत आ.व.मा बजेट विनियोजित भई कार्यान्वयनको प्रक्रियामा गएको र प्रथम किस्ता लगिसकेकोमा यस आ.व.मा दायित्व सार्न छुट भएको हुँदा उक्त योजनाको लागि सम्झौता बमोजिमको आवश्यक रकम मर्मतसम्भार शिर्षकबाट व्यवस्थापन गर्ने ।

(१६) चालु आ.व.मा नगर कार्यपालिका (बैठक संख्या ७१ देखि ८६ सम्मको)/नगर प्रमुख/नगर कार्यपालिकाको कार्यालयबाट भएका सम्पूर्ण निर्णयहरुलाई अनुमोदन गर्ने ।

(१७) विराटनगर महानरपालिकामा सञ्चालित क्षेत्रीय सहरी विकास परियोजना (RUDP), परियोजना कार्यान्वयन इकाई अन्तर्गत कार्यरत कर्मचारीहरुको परियोजना भत्तालाई २०७८ असारसम्म निरन्तरता दिने निर्णयलाई अनुमोदन गर्ने ।

(१८) विराटनगर महानगरपालिका वडा नं. १९ स्थित वैजनाथपुर स्वास्थ्य चौकीमा १० बेडको हस्पिस सेन्टर सञ्चालनको लागि देहाय बमोजिमको दरबन्दी स्वीकृत गर्ने र सोको व्यवस्थापन मौजुदा कर्मचारीबाटै गर्ने ।

(क) नर्सिङ निरीक्षक (सातौं तह) - १
(ख) स्टाफ नर्स (पाँचौ तह) - ४
(ग) प्रशासन कर्मचारी (चौंथो तह) - १

साथै, महानगरपालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरुमा खोप कार्यक्रम सञ्चालन गर्न चौंथो तहको खोप सहायक पद सिर्जना गर्ने कार्यपालिकाको निर्णय अनुमोदन गर्ने र सो पदमा मौजुदा अ.न.मि. (खोप) कर्मचारीबाटै व्यवस्थापन गर्ने ।

(१९) प्रदेश नं. १ को राजधानी विराटनगर तोकिएको र यसको संरचना विकास तथा विस्तारको लागि महानगरपालिकाको तर्फबाट जग्गा उपलब्ध गराई पूर्वाधार निर्माण गर्न आवश्यक भएको हुँदा सोको लागि यस नगरक्षेत्रभित्र रहेका खालि जमिनहरुलाई एकिकृत गरी सो क्षेत्रका जग्गाधनीहरुसँग सहमति कायम गरेर ल्याण्ड पुलिङ गर्ने र सोबाट प्राप्त भएको जमिन प्रदेश सरकारलाई प्रदेश पूर्वाधार निर्माणको लागि उपलब्ध गराउन र महानगरपालिकाको तर्फबाट यसको अध्ययनको लागि रु. १ करोड खर्च गर्ने ।

(२०) स्मार्ट सिटीको परिकल्पना अनुरुप व्यवस्थित वस्ती विकासका लागि विराटनगर महानगरपालिका क्षेत्रमा ल्याण्ड पुलिङ (Land Pooling) को लागि अध्ययन प्रतिवेदनमा उल्लेखित क्षेत्रगत प्राथमिकताको आधारमा प्रक्रिया अगाडि बढाउने र सो योजना कार्यान्वयन गर्न आवश्यक बजेट यस आ.व.को लागि रु. १ करोड विनियोजन गर्ने । ल्याण्ड पुलिङका लागि प्रस्तावित क्षेत्रभित्र लामो समयसम्म पर्खिनुपर्ने जातका कुनै पनि बाली नलगाउन साथै वृक्षारोपण तथा उखु लगाउने कार्यलाई रोक्न सर्वसाधरणलाई सूचित गर्ने ।

(२१) आर्थिक वर्ष २०७७/०७८ सशर्त अनुदानतर्फ स्थानीय तहबाट कार्यान्वयन गरिने स्वास्थ्य तथा जनसंख्या सम्बन्धी कार्यक्रमहरुका लागि सञ्चालन मार्गदर्शन बमोजिम नेपाल सरकारबाट प्राप्त अनुदानबाट मासिक रु.

२०,०००।० पारिश्रमिक उपलब्ध गराउनेगरी दुई जना खोप कार्यकर्ता नियुक्त गरी कार्यरत रहेकोमा निजहरुको पारिश्रमिक सहायकस्तर चौँथो तह सरहको उपलब्ध गराउने र तोकिएको पारिश्रमिक रकममा अपुग हुने रकम नियमित कर्मचारी पारिश्रमिकबाट उपलब्ध गराउने ।

(२२) छैठौं नगरसभाबाट पारित आ.व. २०७७/०७८ को वार्षिक नीति, कार्यक्रम तथा बजेट अनुसार आ.व. २०७६/०७७ का भुक्तानी दिन बाँकि अनुसूची-'ङ' अन्तर्गतका योजनाहरुमा भूलवस देहायका नयाँ योजनाहरु समेत पर्न गएकाले उक्त योजनाहरुलाई नयाँ योजना अनुरुप कार्यान्वयनको प्रक्रियामा लगिएको निर्णयलाई अनुमोदन गर्ने । साथै सोही अनुसूचीमा क्रमागत योजनाहरु समेत रहेकाले सो अनुसूचीको शिर्षक क्रमागत योजना तथा भुक्तानी दिन बाँकि कायम गर्ने ।

| क.सं. | सि.नं. | योजनाको नाम | वडा नं. |
|---|---|---|---|
| १ | ३७८ | बखरी प्रहरी चौकी | १२ |
| २ | ५१२ | बासुकिनाथ टोलमा नाला | ३ |
| ३ | ५१६ | श्रृजना मार्गमा ग्राभेल | ३ |
| ४ | ५३० | शान्ती चोक लक्ष्मी गौतमको घरबाट दक्षिण जाने सडकमा नाला | ५ |
| ५ | ५३२ | टेकनाथ मार्गमा पक्की नाला | ५ |
| ६ | ५८७ | शोभित मार्ग | ३ |

(२३) वडा नं. ४ र ५ सिमाना सडक जामुनेश्वर मार्ग सडक खण्ड अन्तर्गत नहरदेखि पश्चिम सखुवारे मार्गको मोड (खानेपानी ट्याङ्की) देखि सखुवारे मार्गको मोड (आइतबारे हटिया) सम्मको सडक खण्डको सडक अधिकार क्षेत्र १८ मि. कायम गर्ने ।

(२४) छैठौं नगरसभाबाट पारित वार्षिक नीति, कार्यक्रम तथा बजेटको अनुसूची-'छ' संघसंस्था चालु अनुदान अन्तर्गत रहेका रु. १ लाखभन्दा माथिका कार्यक्रमहरुबाट २० प्रतिशत बजेट घटाई हुन आउने रकम रु. ७५ लाखबाट देहाय बमोजिमका कार्यक्रमहरुमा बजेट विनियोजन गरी खर्च गर्ने ।

(क) विराट गोल्डकप फुटबल प्रतियोगितामा विराटनगर महानगरको टिमको सहभागिताको लागि व्यवस्थापन खर्च : रु. १५,००,०००।०

(ख) विराट राजा दरबार, विराटनगर १८ को जियोफिजिक्स अध्ययनको लागि (कार्यक्रमको लागि आउने विज्ञ टोलीको यातायात, आवास लगायतको व्यवस्थापन खर्च) : रु. २६,००,०००।०

(ग) फिर्ता खर्च (थप) : रु. ९,५०,०००।० (बजेट पुस्तिकाको पाना नं. ६२ सि.नं. १००, काञ्जी हाउस र सामुदायिक कुकुर व्यवस्थापन शिर्षकमा विनियोजित रु.३० लाखमध्येबाट रु.४ लाख ५० हजार फिर्ता खर्च शिर्षकमा रकमान्तर गर्ने भएको निर्णय समेतको रकम)

(घ) खेलकुद कार्यक्रम : रु. २०,००,०००।०

(ङ) कार्यालयको सवारी साधन मर्मत : रु. ५,००,०००।०

(च) नगर बुलेटिन तथा क्यालेण्डर प्रकाशन : रु. ४,००,०००।०

(२५) छैठौं नगरसभाबाट पारित वार्षिक नीति, कार्यक्रम तथा बजेटको अनुसूची-'ज' संघसंस्था पुंजीगत अनुदान अन्तर्गतका योजनाहरुबाट २० प्रतिशत बजेट घटाई हुन आउने रकम रु. ९५ लाखबाट देहाय बमोजिमका कार्यक्रमहरुमा बजेट विनियोजन गरी खर्च गर्ने ।

(क) धर्मभक्त मार्ग नाला तथा पिच, वडा नं. ७ थप रकम : रु. ५०,००,०००।०

(ख) ज्येष्ठ नागरिक भवन, वडा नं. ११ : रु. २०,००,०००।०

(ग) वडा नं. १४, १७ र १८ सीमा सडक सुधार : रु. १४,००,०००।०

(घ) वस्ती विकास समेतको अध्ययन : रु. ११,००,०००।०

(२६) ग्राहस्थ प्रयोजन (हाउसहोल्ड कनेक्सन) को हकमा ढल शुल्कलाई ५० प्रतिशत कम गर्ने कार्यपालिकाको निर्णयलाई अनुमोदन गर्ने । साथै महानगरपालिका क्षेत्रभित्र नयाँ निर्माण हुने घर/भवन/संरचनाको नक्सा पासको लागि सेप्टिक ट्याङ्क अनिवार्य गरिएकोमा ढलको Scope क्षेत्रभित्र अबदेखि निर्माण हुने संरचनाको नक्सा पास गर्दा Backup Chamber भएमा नक्सा पासको लागि सेप्टिक ट्याङ्क अनिवार्य नगर्ने ।

(२७) महानगरपालिका क्षेत्रको पूर्वतर्फ सिंघीया खोला र पश्चिमतर्फ केशलिया खोला रहेकोमा वर्षातको समयमा खोलाको पानी जमिनतर्फ आई डुबानको जोखिम हुने हुँदा खोलामा करिडोर निर्माण गर्ने र दुबै खोलादेखि १००० मिटर (एक कि.मि.) दाँया-बाँया क्षेत्रमा निजि तथा सार्वजनिक जग्गाको माटो काट्न प्रतिबन्ध लगाउने ।

(२८) विराटनगर महानगरपालिका वडा नं. ४/५ जामुनेश्वर मार्गको सखुवारे मार्गको मोड (खानेपानी ट्याङ्की) देखि पश्चिम सखुवारे मोड (आइतबारे हाट) सडक खण्डको सडक अधिकार क्षेत्र १८ मिटर बनाउने ।

(२८) विराटनगर महानगरपालिका वडा नं. ९, महेन्द्र चोकदेखि दक्षिण यशलाल पेट्रोलपम्पको सामुको पुष्प मार्गमा पर्ने लक्ष्मी नारायण मुखिया (ज.कि.नं. १६०, १६२) र संगीता निरौला (ज.कि.नं. १६९, १७१) ले सो मार्गको लागि १.१/१.१ मिटर निजि जग्गा दिई उक्त सडकमा क्षेत्रीय सहरी विकास परियोजनाबाट नाला र सडक समेत निर्माण भएको हुँदा निजि जग्गा दिई निर्माण कार्यमा सहयोग पुऱ्याएको र निजहरुको निवेदन अनुसार नियमानुसार सेटब्याक छोडेर घर निर्माण गर्न नसक्ने अवस्था रहेको हुँदा उक्त मार्गको सडक अधिकार क्षेत्र ६ मिटर कायम हुनेगरी निजहरुको घर निर्माणको लागि सेटब्याक छुट दिने ।

(२९) विराटनगर महानगरपालिका वडा नं. १८ स्थित श्री जनक आधारभूत विद्यालयको परिसरभित्र रहेको निजि जग्गा अधिग्रहण गर्न रु. १० लाख रकम बजेट पुस्तिकाको पाना नं. ५९ (सि.नं. ५६), जग्गा प्राप्ति खर्च शिर्षकबाट व्यवस्थापन गर्ने ।

(३०) छैठौं नगरसभाबाट पारित आ.व. २०७७/०७८ को वार्षिक नीति, कार्यक्रम तथा बजेट पुस्तिकाको पाना नं. १२९, सि.नं. ११६ मा वडा नं. १३ को नगरस्तरीय योजना अन्तर्गत वडा समितिको सिफारिस अनुसार खर्च हुनेगरी विविध शिर्षकमा विनियोजित रकममा भूलवस जनसहभागिता समेत राखिएको हुँदा उक्त शिर्षकमा जनसहभागिता बाहेकको रकम रु. २,४०,०००।० मात्र कायम गरी खर्च गर्ने ।

(३१) तपसिलमा संलग्न विवरण अनुसार छैठौं नगरसभाबाट पारित आ.व. २०७७/०७८ को वार्षिक नीति, कार्यक्रम तथा बजेट अन्तर्गतका कार्यक्रमहरुलाई आवश्यक संसोधन गर्ने ।